# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२] काठमाडौं, फाल्गुण १० गते २०२९ साल [अतिरिक्ताङ्क ५२

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाई मन्त्रालयको

### सूचना

नारायणी अञ्चल सिंचाई विकास समिति (गठन) आदेश, २०२९

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "नारायणी अञ्चल सिंचाई विकास समिति (गठन) आदेश, २०२९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"योजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत नारायणी अञ्चल सिंचाई योजना सम्झनुपर्छ ।

३. समितिको गठनः– (१) नारायणी अञ्चल सिंचाई विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

३६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायको अध्यक्ष र सदस्यहरू रहनेछन्:–

(क) सचिव, खाद्य कृषि तथा सिंचाई मन्त्रालय – – अध्यक्ष
(ख) प्रतिनिधि, अर्थ मन्त्रालय – – – – सदस्य
(ग) प्रतिनिधि, जल तथा विद्युत मन्त्रालय – – – सदस्य
(घ) प्रतिनिधि, भूमिसुधार मन्त्रालय – – – – सदस्य
(ङ०) प्रतिनिधि, राष्ट्रय योजना आयोगको सचिवालय – सदस्य
(च) महानिर्देशक, कृषि विभाग – – – – सदस्य
(छ) महानिर्देशक, सिंचाई तथा जलवायु विज्ञान विभाग – सदस्य
(ज) महाप्रबन्धक, नारायणी अञ्चल सिंचाई योजना–सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको संख्यामा थपघट वा नाममा हेरफेर गर्न सक्नेछ ।

(४) अध्यक्ष र सदस्य सचिवको अतिरिक्त दुइ सदस्यसम्म उपस्थित भएमा समितिको गणपुरक संख्या पूरा भएको मानिनेछ ।

(५) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा मात्र अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(६) समितिको आमन्त्रणमा श्री ५ को सरकारको कुनै अधिकृत, विदेशी सल्लाहकार वा कन्सलटयांन्ट समितिको बठकमा उपस्थित रहन सक्नेछन् ।

४. समितिको काम, कर्तव्य र अधिकार:– (१) स्थायी रूपले सिंचाई सुविधा उपलब्ध गराउन योजना कार्यान्वियन गर्नु र योजना क्षेत्रमा सघन कृषि विकास कार्यक्रम संचालन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कर्तव्य पालनको लागि समितिले निम्नलिखित कामहरू गर्नेछ:–

(क) नेपाल (गण्डक) पूर्वी नहरबाट उपलब्ध हुने पानी पुऱ्याउन नहर ढल (ड्रेनेज) तथा तत्सम्बन्धी अन्य निर्माण कार्य गर्ने ।

(ख) जमिनमुनिको पानीबाट सिंचाईको विकासका लागि निर्माण कार्यहरू गर्ने ।

(ग) कृषि विकास कार्यक्रम संचालन गर्ने ।

(घ) योजना संचालन गर्नको लागि श्री ५ को सरकार र अन्तरराष्ट्रिय विकास संस्था बीचको ऋण सम्बन्धी सम्झौता र सो सित संलग्न सहायक पत्रहरूमा उल्लेखित कामहरू गर्ने ।

3602

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) योजनाको नीति निर्धारण गर्ने र कार्यान्वयनमा रेखदेख पुऱ्याउने ।

(च) कृषि सम्बन्धी सहकारी संस्थाहरूको स्थापना तथा समन्वयको प्रवन्ध मिलाउने ।

(छ) कृषिको लागि ऋण तथा अन्य साधनहरू सुलभ गराउने ।

(ज) कृषि उत्पादनको प्रशोधन, संग्रह स्थान तथा खरीद बिक्रीको सुविधा उपलब्ध गराउने ।

(झ) कृषकहरूलाई आधुनिक कृषि प्रणालीबारे बोध गराउने ।

(ञ) सिंचाई सुविधा उपलब्ध भएको क्षेत्रमा पानी दस्तूर तोक्ने र सो दस्तूर उठाउने व्यवस्था समेत मिलाउने ।

(ट) आवश्यक स्थानहरूमा सडक र तत्सम्बन्धी अन्य निर्माण कार्यहरू गर्ने

(ठ) कृषि विकासको लागि आवश्यक तथ्याङ्कहरू संकलन गर्ने ।

(ड) खेतमा गर्नु पर्ने निर्माण कार्य (फिल्ड च्यानल) सम्बन्धित कृषकद्वारा गराउने व्यवस्था गर्ने । सम्बन्धित कृषकले त्यस्तो निर्माण कार्य नगरेमा समितिले स्वयं सो काम गरी लागेको खर्च निजबाट असूल उपर गर्ने र त्यसरी निर्माण कार्य पुरा भै सकेपछि मात्र सिंचाईको लागि पानी उपलब्ध गराउने ।

(ढ) योजना कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको कोष र आर्थिक कारोवार:– (१) समितिको कार्य संचालनको लागि एउटा कोष हुनेछ जसमा देहायबमोजिमका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) श्री ५ को सरकार तथा अन्तरराष्ट्रिय विकास संस्था बीचको ऋण सम्बन्धी सम्झौता र सो सित संलग्न सहायक पत्रहरू अनुसार उक्त संस्थाद्वारा श्री ५ को सरकार मार्फत उपलब्ध गराइएको रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

(३) समितिले बनाएको नियममा तोकिएबमोजिम समितिको आय-व्ययको लेखा राखिनेछ ।

६. लेखा परीक्षण:– (१) श्री ५ को सरकारबाट मुकरर भएको अधिकृत वा लेखापरीक्षकले समितिको हिसाब किताब जाँच गर्नेछ ।

363

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न जँचाउन सक्नेछ ।

७. अधिकार प्रत्यायोजन गर्न सकिनेः– समितिले आफ्ना सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूको उप समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. समितिको कार्य व्यवस्थाः– (१) सदस्य–सचिवले समितिको निर्देशनानुसार समितिको तर्फबाट समितिको ठेक्का पट्टा सम्बन्धी सबै काम गर्नेछ र त्यसरी गरिएको ठेक्का पट्टा समितिले गरेको मानिनेछ ।

(२) सदस्य–सचिवले समितिको दैनिक कार्य संचालन स्तरको सबै कार्य गर्नेछ र समितिको निर्णय वा आदेशहरू प्रमाणित गर्नेछ ।

९. श्री ५ को सरकारसंग सम्पर्कः– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा खाद्य, कृषि तथा सिंचाई मन्त्रालय, सिंचाई तथा जलवायु विज्ञान विभाग मार्फत सम्पर्क राख्नुपर्छ ।

१०. नियमहरू बनाउन सक्नेः– समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाइएका नियमहरूमा श्री ५ को सरकारको स्वीकृती लिनु पर्नेछ ।

११. समितिको कार्यालयः– समितिको कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले–
सुरेन्द्रराज शर्मा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

368

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।